# पुरानो करार अन्वेषण

## परीक्षाको उत्तर कुञ्जी

डा. यान्डल म्याकल्वेनद्वारा
तयार पारिएको

shepherds
GLOBAL CLASSROOM

# सामग्रीहरू

१. पुरानो करारको परिचय ४
२. उत्पत्ति ६
३. प्रस्थान-व्यवस्था ८
४. यहोशू-रूथ १०
५. शमूएल-इतिहास १२
६. एज्रा-एस्तर १४
७. अय्यूब र भजनसंग्रह १६
८. हितोपदेश-श्रेष्ठगीत १८
९. यशैया २०
१०. यर्मिया र विलाप २२
११. इजकिएल र दानिएल २३
१२. होशे, योएल, र आमोस २५
१३. ओबदिया-सपन्याह २७
१४. हाग्गै-मलाकी २९

# पाठ १

## पुरानो करारको परिचय

१. बाइबलको सन्दर्भमा *क्यानन* शब्दको अर्थ के हो ?

कुन लेखहरू परमेश्वरद्वार प्रेरित वचन हो भनी निर्धारण गर्ने करार वा मापदण्ड ।

२. पुरानो करारको क्यानन स्थापना गर्न प्रयोग गरिएका तीनवटा मापदण्डहरू सूचीबद्ध गर्नुहोस् ।

- लेखकलाई अगमवक्ताको वरदान दिईएको थियो ।
- यो पुस्तक सबै पुस्तालाई सम्बोधन गरिएको थियो ।
- यो सन्देश पहिलेको प्रकाशसँग बाझिएको छैन ।

३. हिब्रू बाइबलका तीनवटा विभाजनहरूको सूची बनाउनुहोस् ।

- व्यवस्था
- अगमवक्ताहरू
- लेखहरू

४. ख्रीष्टियन पुरानो करारका पाँचवटा विभाजनहरू सूचीबद्ध गर्नुहोस् ।

- पंचपुस्तक
- ऐतिहासिक पुस्तकहरू
- कविता र बुद्धि
- ठूला अगमवक्ताहरू
- साना अगमवक्ताहरू

५. *परमेश्वरको प्रेरणा* शब्दको अर्थ के हो ?

"परमेश्वरको स्वास"

६. *त्रुटिरहित* र *अचूक* शब्दहरूको अर्थ के हो ?

- *त्रुटिरहित* भन्नुको अर्थ त्रुटिविनाको हो ।
- *अचूक* शब्दको अर्थ कहिले पनि नचुकेको वा गल्ती रहित हो ।

७. मृत सागरमा भेटिएको चर्मपत्रको मुठ्ठाले कसरी पुरानो करारको शाब्दिक अखण्डतालाई देखाउँछ ?

तिनीहरूले देखाउँछन् कि पुरानो करारको प्रतिलिपि गर्ने कार्य सयौं वर्षदेखि उच्च स्तरको शुद्धताको साथ गरिएको थियो ।

**८.** पुरानो करारले आज हामीसँग बोल्ने तीन तरिकाहरू सूचीबद्ध गर्नुहोस् ।

- यसले परमेश्वरको महिमा र पवित्रताको बारेमा सिकाउँछ ।
- यसले मानिसको पाप र उद्धारकर्ताको आवश्यकता बारेमा सिकाउँछ ।
- यसले पवित्र जनहरू सिर्जना गर्ने परमेश्वरको योजनाको बारेमा सिकाउँछ जुन उहाँको विशेष सम्पत्तिको रूपमा अलग गरिएको छ ।

**९.** आफूले कण्ठ गरेकोबाट भजनसंग्रह १९:७-११ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएको पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ २

## उत्पत्ति

१. हिब्रू शब्द *तोरह* को अर्थ के हो ?

"सिकाउनु" वा "व्यवस्था"

२. पंचपुस्तकको प्रत्येक पुस्तकमा येशुलाई कसरी प्रस्तुत गरिएको छ ?

- उत्पत्ति: दोस्रो आदम
- प्रस्थान: निस्तारको थुमा
- लेवी: सिद्ध बलिदान
- गन्ती: काँसाको सर्प
- व्यवस्था: आउँदै गरेको अगमवक्ता

३. पंचपुस्तकमा प्रस्तुत गरिएको पुरानो करारका चारवटा विषयवस्तुहरू सूचीबद्ध गर्नुहोस् ।

- परमेश्वरको सार्वभौमिकता
- मानिसको पापीपन
- मुक्तिको लागि परमेश्वरको योजना
- पवित्रता

४. उत्पत्तिको विषयवस्तु के हो ?

आदिमा

५. उत्पत्तिका दुई प्रमुख खण्डहरू सूचीबद्ध गर्नुहोस् ।

- प्रारम्भिक इतिहास (१-११)
- पुर्खाहरूको इतिहास (१२-५०)

६. उत्पत्ति १-११ का चार प्रमुख घटनाहरूलाई सूचीबद्ध गर्नुहोस् ।

- सृष्टि
- पतन
- जलप्रलय
- बाबेलको धरहरा

७. उत्पत्ति १२-५० का चार प्रमुख पात्रहरूको सूचीबद्ध गर्नुहोस्।

- अब्राहम
- इसहाक
- याकूब
- योसेफ

८. प्रत्येक एक वाक्यमा, अब्राहामसँगको करारका तीन पक्षहरूलाई संक्षेप गर्नुहोस्।

- उत्पत्ति १२: परमेश्वरले अब्राहामका सन्तानहरूलाई सबै राष्ट्रहरूका लागि आशिषको पात्र बनाउनुहुनेछ।
- उत्पत्ति १५: परमेश्वरले आफूलाई अनन्त करारको रगतको शपथ अन्तर्गत राख्नुहुन्छ।
- उत्पत्ति १७: खतना करार विश्वासको चिन्ह हो।

९. सृष्टिको बारेमा उत्पत्तिले सिकाउने तीनवटा कुराहरूको सूचीबद्ध गर्नुहोस्।

- परमेश्वरले संसारलाई शून्यबाट बनाउनुभयो।
- त्यहाँ एक सार्वभौम परमेश्वर हुनुहुन्छ।
- मानिस परमेश्वरको स्वरूपमा सृष्टि गरिएको हो।

१०. उत्पत्तिले समकालीन मण्डलीसँग बोल्ने तीन तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस्।

- मानव जीवन अमूल्य छ।
- मानिस हाम्रो संसारको हेरचाह गर्ने जिम्मेवार छ।
- मण्डलीको लागि सुसमाचार प्रचार र चेलापनको निम्ति जनादेश छ।

११. आफूले कण्ठ गरेकोबाट उत्पत्ति ३:१५ र १२:३ लाई लेख्नुहोस्।

(कण्ठ गरिएको पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस्।)

# पाठ ३

## प्रस्थान-व्यवस्था

१. मिश्रबाट इस्राएलको प्रस्थानको सबैभन्दा सम्भावित मिति कुन हो ?

१४४६ ई.पू.

२. प्रत्येक पुस्तकको लागि विषयवस्तु सूचीबद्ध गर्नुहोस् ।

- प्रस्थान: मुक्ति र सम्बन्ध
- लेवी: पवित्रता
- गन्ती: अनाज्ञाकारिताको परिणाम
- व्यवस्था: करारको नवीकरण

३. प्रस्थानका दुई प्रमुख खण्डहरूलाई सूचीबद्ध गर्नुहोस् ।

- मिश्रबाट छुट्कारा (१-१५)
- यहोवासितको सम्बन्ध (१६-४०)

४. मिश्रबाट इस्राएलको छुटकाराको चित्रण गर्ने प्रस्थानमा भएका चार घटनाहरूको सूची बनाउनुहोस् ।

- मोशाको जन्म र बोलावट
- दश विपत्तिहरू
- निस्तार
- लाल समुद्र पार

५. प्रस्थानमा भएका दुइवटा घटनाहरूको सूची बनाउनुहोस् जसले यहोवा र इस्राएलबीचको सम्बन्ध स्थापना गरेको सङ्केत गर्छ ।

- दश आज्ञाहरू प्रदान
- भेट हुने पालको निर्माण

६. लेवीका प्रत्येक बलिहरूलाई पहिचान गर्नुहोस् ।

- **अन्नबलि**: अर्को भेटीसँगै आउने बलि
- **मेल बलि**: पुरानो करारको प्राथमिक बलि
- **अधर्म वा दोष बलि**: ले त्यस्तो उल्लङ्घनहरूलाई सम्बोधन गर्दछ जसलाई क्षतिपूर्ति आवश्यक छ
- **पाप बलि**: अनजानमा व्यवस्थाको उल्लङ्घनको लागि गरिने प्रायश्चित
- **मेल बलि** : आराधक र परमेश्वर बीचको सङ्गतिको खुशीयाली मनाउन गरिने बलि

७. लेवी १७-२७ को **पवित्रताको संहिता** ले इस्राएललाई दैनिक जीवनमा पवित्रताको उदाहरण दिने तरिकामा कसरी जिउने भनेर सिकाएको थियो ।

८. पुरानो करारको व्यवस्थालाई आजको समयमा लागू गर्न आवश्यक पर्ने चार चरणहरू सूचीबद्ध गर्नुहोस् ।

- पुरानो करारको व्यवस्थालाई पढ्नुहोस् ।
- सिकाइएको सिद्धान्त वा परमेश्वरको प्रकट भएको चरित्रको अवस्थालाई पत्ता लगाउनुहोस् ।
- ख्रीष्टको आगमनले व्यवहारिक प्रयोगमा गरेको परिवर्तनहरूलाई खोज्नुहोस् ।
- पुरानो करारको व्यवस्थामा आधारित आधुनिक अभ्यास निर्धारण गर्नुहोस् ।

९. गन्तीका तीन प्रमुख खण्डहरू सूचीबद्ध गर्नुहोस् ।

- सीनै इस्राएल
- मरुभूमिमा इस्राएल
- मोआबको मैदानमा इस्राएल

१०. व्यवस्थामा मोशाका निम्न तीनवटा वक्तव्यहरू ...

- ऐतिहासिक: परमेश्वरले के गर्नु भयो
- कानूनी: परमेश्वरले के चाहनुहुन्छ
- भविष्यसूचक: परमेश्वरले के गर्नुहुनेछ

११. प्रस्थान ३:१४, लेवी २०:७-८, र व्यवस्था ६:४-५ आफूले कण्ठ गरेकोबाट लेख्नुहोस् ।

(कण्ठ गरिएको पदहरूलाई बाइबलमा जाँच गर्नुहोस् ।)

# पाठ ४

## यहोशू-रूथ

१. हिब्रू बाइबलका ऐतिहासिक पुस्तकहरूको नाम के हो ?

पूर्व अगमवक्ताहरू

२. *ईश्वरतन्त्र* लाई परिभाषित गर्नुहोस् ।

परमेश्वरको प्रत्यक्ष शासन

३. प्रत्येक पुस्तकको लागि विषयवस्तु सूचीबद्ध गर्नुहोस् ।

- यहोशू: कनानको विजय
- न्यायकर्ताहरू: इस्राएलमा अधर्म
- रूथ: धर्मत्यागको युगमा विश्वासयोग्यता

४. यहोशूका दुई प्रमुख खण्डहरूलाई सूचीबद्ध गर्नुहोस् ।

- कनानको विजय
- कनानको बस्ती

५. यहोशूको पुस्तकको मुख्य उद्देश्य के हो ?

इस्राएललाई परमेश्वरको विश्वासयोग्यता देखाउनको लागि जब तिनीहरू उहाँप्रति इमानदार थिए

६. शरण शहरहरूको उद्देश्य के थियो ?

अजानमा कसैको हत्या गर्ने व्यक्तिको सुरक्षा गर्नको लागि

७. यहोशुमा यहोवाको युद्धको अध्ययन गर्दा विचार गर्नुपर्ने चार सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस् ।

- यहोवाको युद्धले परमेश्वरको न्यायलाई प्रतिबिम्बित गर्दछ ।
- यहोवाको युद्धले परमेश्वरको सार्वभौमिकतालाई प्रतिबिम्बित गर्दछ ।
- यहोवाको युद्धले परमेश्वरको पवित्रतालाई प्रतिबिम्बित गर्दछ ।
- यहोवाको युद्धले परमेश्वरको प्रेमलाई प्रतिबिम्बित गर्दछ ।

८. न्यायकर्ताहरूको मुख्य उद्देश्य के हो ?

इस्राएलको अधर्मको नतिजा देखाउन

९. न्यायकर्ताहरूमा अधर्म र छुटकाराको चक्रका चार चरणहरू के हुन् ?

- पाप
- न्यायको रूपमा युद्ध
- पश्चाताप
- उद्धार

१०. *लेभिरेट विवाह* लाई परिभाषित गर्नुहोस् ।

पहिलो पतिको नाम कायम राख्न र परिवार वृद्धि गर्न मृतक पुरुषकी विधवासँग नजिकको नातेदारले गरेको विवाह ।

११. आफूले कण्ठ गरेकोबाट यहोशू १:८-९ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएको पदहरूलाई बाइबलमा जाँच गर्नुहोस् ।)

# पाठ ५

## शमूएल-इतिहास

१. प्रत्येक पुस्तकको लागि विषयवस्तु सूचीबद्ध गर्नुहोस्।

- १ शमूएल: इस्राएलको राजतन्त्रको सुरुवात
- २ शमूएल: राजा दाऊदको शासनकाल
- १ र २ राजाहरू: इस्राएलका राजाहरूको हार
- १ र २ इतिहास: त्यहाँ आशा छ।

२. शाऊलको शासनकालको सुरुका तीनवटा घटनाहरूको सूची बनाउनुहोस् जसले परमेश्वरले चाहेको राजा हुन असफल भएको देखाउँछ।

- उनले शमूएलको पुजारीको भूमिका खोसे।
- तिनले हतारमा शपथ खाए जसको कारण लगभग जोनाथनको मृत्यु भयो।
- उनले अमालेकीहरूलाई पूर्ण रूपमा नाश गर्ने परमेश्वरको आज्ञालाई अवज्ञा गरे।

३. दाऊदसँगको करारका पाँचवटा प्रतिज्ञाहरूको सूची बनाउनुहोस्।

- परमेश्वरले इस्राएलका लागि सुरक्षित बासस्थान प्रदान गर्नुहुनेछ।
- मन्दिर निर्माण गर्न परमेश्वरले दाऊदको छोरालाई खडा गर्नुहुनेछ।
- परमेश्वरले दाऊदको राज्यलाई सदाको लागि स्थापित गर्नुहुनेछ।
- परमेश्वरले दाऊदका सन्तानहरूसित बाबु-छोराको सम्बन्ध स्थापित गर्नुहुनेछ।
- परमेश्वरको कृपा दाऊदको वंशबाट हट्ने छैन।

४. दाऊदको पापबाट चारवटा सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस् जसले पापमा फस्ने विश्वासीलाई बचाउन मार्गदर्शन गर्छ।

- हामीले आफ्नो पाप स्वीकार गर्नुपर्छ।
- हामीले हाम्रो पापको गम्भीरतालाई स्वीकार गर्नुपर्छ।
- हामीले परमेश्वरको क्षमा प्राप्त गर्नेछौं भनेर हामीले खोज्नु पर्छ र विश्वास गर्नुपर्छ।
- हामीले हाम्रो पापको दीर्घकालीन असरलाई बुझ्नुपर्छ।

५. १ र २ राजाहरूले कुन वर्षलाई समेटछ ?

९७१-५६१ इ.पू.

६. इस्राएलको विभाजन पछि, कुन कुलहरू दाऊद राजाप्रति वफादार रहे ?

यहूदा र बेन्यामीन

७. १ र २ राजाहरूमा राजाहरूलाई कसरी मूल्याङ्कन गरिन्छ ?

परमेश्वरप्रति तिनीहरूको वफादारीता

८. यहूदाका राजाहरूको सन्दर्भमा इतिहास र राजाहरूको विषयवस्तुको भिन्नता देखाउनुहोस् ।

- राजाहरूले सोध्छन्, "के राजा दाऊदको बाटोमा हिँडे त ?"
- इतिहासले सोध्छ, "के राजा मन्दिरको आराधनामा विश्वासयोग्य थिए ?"

९. इतिहासका लागि सोलोमनको शासन किन महत्त्वपूर्ण छ ?

उनले मन्दिर निर्माण गरे ।

१०.मनश्शेको सन्दर्भमा इतिहास र राजाहरूको विषयवस्तुको भिन्नता देखाउनुहोस् ।

- राजाहरूले देखाउँछन् कि मनश्शे यहूदाका राजाहरूमध्ये सबैभन्दा खराब थिए ।
- इतिहासले कैदमा परेको बेलामा मनश्शेको पश्चात्तापको बारेमा बताउँछ ।

११.१ राजा ९:४-७ र २ इतिहास ७:१३-१४ आफूले कण्ठ गरेकोबाट लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरू बाइबलमा जाँच गर्नुहोस् ।)

# पाठ ६

## एज्रा-एस्तर

१. पुनर्स्थापना अवधिको प्राथमिक घटनाहरूको लागि मितिहरू सूचीबद्ध गर्नुहोस् ।

- यरुबाबेलको नेतृत्वमा पहिलो फिर्ती: **५३८ इ.पू.**
- मन्दिरको समापन: **५१६ इ.पू.**
- एस्तरका घटनाहरू: **४८३-४७३ इ.पू.**
- एज्राको नेतृत्वमा दोस्रो फिर्ती: **४५८ इ.पू.**
- नहेम्याहको फिर्ती: **४४४ इ.पू.**

२. प्रत्येक पुस्तकको विषयवस्तुलाई सूचीबद्ध गर्नुहोस् ।

- एज्रा: निर्वासनबाट फिर्ती
- नहेम्याह: पर्खालको पुनर्निर्माण
- एस्तर: परमेश्वर नियन्त्रणमा हुनुहुन्छ

३. एज्रा र नहेम्याहका पुस्तकहरू बीच दुई समानताहरू सूचीबद्ध गर्नुहोस् ।

कुनै दुई:

- दुवैको ऐतिहासिक परिवेश एउटै छ ।
- दुवै फारसको आर्टजारसेज पहिलो को अधीनमा यरूशलेममा फर्किने कुरासँग सम्बन्धित छन् ।
- दुवैमा यहूदी मानिसहरूको सूची समावेश छ ।
- नहेम्याह ७-१३ ले एज्रा र नेहेम्याह दुवैले सुधारको सारांश दिन्छ।

४. **फारसी** साम्राज्यले विजय प्राप्त राष्ट्रहरूलाई आफ्नो मातृभूमिमा रहन अनुमति दियो ।

५. **हाग्गै** र **जकारिया** लाई "मन्दिरका अगमवक्ताहरू" भनिन्छ किनभने तिनीहरूले मन्दिरको पुनर्निर्माण गर्नलाई प्रोत्साहित दिएका थिए ।

६. एज्रा र नहेम्याहमा, यहूदीहरू र तिनीहरूका छिमेकी जातिहरूबीचको अन्तरविवाह किन गम्भीर मुद्दा थियो ?

- यरूशलेमका छिमेकीहरू अविश्वासी थिए ।
- फारस समधर्मी थियो ।

७. कुन साना अगमवक्ताले नहेम्याह जस्तै समान मुद्दाहरूलाई सम्बोधन गर्दछन् ?

मलाकी

८. नहेम्याहका तीनवटा नेतृत्व सम्बन्धि सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस् ।

कुनै तीनवटा:

- आत्मिक अगुवाहरू दर्शन भएका व्यक्तिहरू हुनुपर्छ ।
- आत्मिक अगुवाहरूले होशियारी पूर्वक योजना बनाउनुपर्छ ।
- आत्मिक अगुवाहरू आँटिलो मानिस हुनुपर्छ ।
- आत्मिक अगुवाहरूसँग सेवाको भावना हुन्छ, अधिकारको भावना होइन ।
- आत्मिक अगुवाहरूलाई प्रार्थनाको महत्त्व थाहा हुन्छ ।
- आत्मिक अगुवाहरू प्रत्येक परिस्थितिको आवश्यकताहरू अनुरूप अनुकूल हुन्छन् ।

९. एस्तरले सिकाएको तीनवटा प्रमुख पाठहरूको सूची बनाउनुहोस् ।

- परमेश्वरको सार्वभौमिकता
- इमानदारीताको महत्त्व
- दुष्टताको मूर्खता

१०. एस्तरको पुस्तकसँग जोडिएको यहूदी उत्सवको पर्व **पुरिम** हो ।

११. आफूले कण्ठ गरेकोबाट नहेम्याह २:१७ र एस्तर ४:१४ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएको पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ ७

## अय्यूब र भजनसंग्रह

१. तीन प्रकारका हिब्रू समानान्तरतालाई परिभाषित गर्नुहोस् ।

- समानार्थी समानान्तरता: दोस्रो पङ्क्तिले
  समान शब्दहरूसँग पहिलो पङ्क्तिलाई बलियो पुष्टि गर्छ ।

- विरोधाभासी समानान्तरता: पहिलो पङ्क्ति दोस्रो पङ्क्तिमा विपरीत छ ।

- संयोगात्मक समानान्तरता: दोस्रो पङ्क्तिले पहिलो पङ्क्तिको विचारलाई थप्छ ।

२. विलोम काव्यको व्याख्या गर्नुहोस् ।

प्रत्येक पद वर्णमालाको उत्तरी अक्षरबाट सुरु हुन्छ ।

३. अय्यूबको पुस्तकको मुख्य विषयवस्तु के हो ?

परमेश्वरको खोजी

४. अय्यूबका साथीहरूको तर्कको तीनवटा मुख्य बुँदाहरू के हुन् ?

- दु:खकष्ट पापको सजाय वा सुधारको रूपमा आउँछ ।
- परमेश्वर न्यायी परमेश्वर हुनुहुन्छ ।
- यसकारण, अय्यूब पक्कै पनि कुनै पापको दोषी हुनुपर्दछ जसको लागि परमेश्वरले उनलाई सजाय दिइर-हनुभएको छ ।

५. अय्यूब २८-३१ मा अय्यूबका वक्तव्यका विषयहरू के के हुन् ?

- अय्यूब २८ बुद्धिको वक्तव्य हो ।
- अय्यूब २९ प्राक्कथनको घटनाहरू अघि अय्यूबको जीवनको चित्र हो ।
- अय्यूब ३० अय्यूबको दु: खकष्ट को चित्र हो ।
- अय्यूब ३१ अय्यूबको निर्दोषताको गवाही हो ।

६. व्यक्तिगत भजनसंग्रहको शीर्षकहरूमा पाइने तीन प्रकारका जानकारीहरू के के हुन् ?

- लेखक
- ऐतिहासिक परिवेश
- संगीत र धार्मिक निर्देशनहरू

७. विलाप गरिएका धेरैजसो भजनसंग्रहहरूमा समावेश चार तत्वहरू के के हुन् ?

- उजुरीको विवरण
- परमेश्वरलाई गरिएको बिन्ति

- परमेश्वरमा भरोसाको कथन
- परमेश्वरको प्रशंसा

८. न्याय वा दण्ड सम्बन्धीको भजनसंग्रहलाई बुझ्नको लागि तीनवटा सिद्धान्तहरू सूचीबद्ध गर्नुहोस् ।

- तिनीहरू रोप्ने र काट्ने सिद्धान्तमा आधारित छन् ।
- इस्राएलका शत्रुहरू अन्ततः परमेश्वरका शत्रुहरू हुन् ।
- भजनरचयिताहरूले मामिलाहरूलाई आफ्नै हातमा लिँदैनन् ।

९. शाही र मसीही भजनहरू बीचको सम्बन्ध के हो ?

धेरै शाही भजनहरूले एक विश्वव्यापी करारको वर्णन गर्दछ जुन इस्राएलको इतिहासमा कहिल्यै पूरा भएको थिएन । यी सबै येशु ख्रीष्टको जीवन र सेवामा पूरा हुन्छन् ।

१०. आफूले कण्ठ गरेकोबाट भजनसंग्रह ११९:१-८ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ ८

## हितोपदेश-श्रेष्ठगीत

१. जोन क्याल्भिनका अनुसार साँचो बुद्धिमा कुन दुईवटा कुराहरू समावेश हुन्छन् ?

- परमेश्वरको ज्ञान
- आफ्नै ज्ञान

२. यस पाठमा दिइएको हितोपदेशका चारमध्ये दुईवटा विशेषताहरूलाई सूचीबद्ध गर्नुहोस् ।

कुनै दुई:

- हितोपदेशले एउटा सामान्य सिद्धान्त बताउँछ ।
- हितोपदेश जीवनको अनुभवमा आधारित हुन्छ ।
- हितोपदेश प्रतिज्ञा होइन; यो जीवनको बारेमा सामान्य अवलोकन हो ।
- हितोपदेश भनेको आदेश होइन।

३. संग्रह १ (हितोपदेश १-९) मा सबैभन्दा सामान्य प्रकारको हितोपदेश के हो ?

प्रवचन हितोपदेश

४. हितोपदेशको व्याख्या गर्नको लागि यस पाठमा दिइएको सातवटा प्रश्नहरूमध्ये चार वटा सूचीबद्ध गर्नुहोस् ।

कुनै चारवटा:

- यो हितोपदेशले बुद्धि तर्फ सङ्केत गर्छ कि मूर्खता तर्फ ?
- हितोपदेशको दोस्रो भागले पहिलो आधामा के थप्छ ?
- यस हितोपदेशमा बुद्धिको स्रोत के हो ?
- यो हितोपदेश मेरो परिस्थितिमा कसरी लागू हुन्छ ?
- के मैले अध्ययन गरिरहेको विषयसँग सम्बन्धित हितोपदेशका अन्य पदहरू छन् ?
- के बाइबलका अन्य पुस्तकहरूले मैले अध्ययन गरिरहेको विषयलाई सम्बोधन गर्छ ?
- मैले अध्ययन गरिरहेको हितोपदेशलाई चित्रण गर्ने कुनै बाइबलीय चरित्र छ ?

५. हितोपदेशमा "सोझो" र "मूर्ख" बीचको प्राथमिक भिन्नता के हो ?

सोझोलाई सिकाउन मिल्छ, तर मूर्खले बुद्धि र निर्देशनलाई तुच्छ ठान्छ ।

६. उपदेशकको मुख्य विषय के हो ?

जीवनको अर्थको खोजी

७. उपदेशक मार्फत पत्ता लगाइएका दुई उद्देश्यहरू के के हुन् ?

- व्यर्थ
- आनन्द

८. श्रेष्ठगीतलाई व्याख्या गर्ने दुई तरिकाहरू के हुन् ?

- रूपक
- काव्यात्मक

९. आफूले कण्ठ गरेकोबाट हितोपदेश १:७ र उपदेशक १२:१३-१४ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ ९

## यशैया

१. अगमवक्ताहरूले आफ्नो सन्देश होइन, परमेश्वरको वचन ल्याइरहेका थिए भनी कुन वाक्यांशले देखाउँछ ?

"परमप्रभु यसो भन्नुहुन्छ"

२. अगमवक्ताहरूलाई वर्णन गर्न **"दर्शी"** नामको प्रयोगले देखाउँछ कि परमेश्वरले आफ्ना भविष्यवक्ताहरूलाई भविष्यका सत्यताहरू प्रकट गर्नुभयो ।

३. भविष्यसूचक पुस्तकहरूमा देखा पर्ने तीनवटा विषयवस्तुहरू सूचीबद्ध गर्नुहोस् ।

- करारप्रति विश्वासयोग्य
- परमप्रभुको दिन
- मसीहको आगमन

४. परमप्रभुको दिनले तीनवटा पक्षहरूलाई समावेश गर्दछन् । तिनीहरू के हुन् ?

- अविश्वासीहरूलाई न्याय गर्ने समय
- परमेश्वरका जनहरूलाई शुद्ध गर्ने समय
- विश्वासीयोग्य रहनेहरूका लागि मुक्तिको समय

५. यशैयाले यहूदाका कुन चार राजाहरूको शासनकालमा सेवा गरे ?

- योताम
- आहाज
- हिजकियाह
- मनश्शे

६. यशैयाको पुस्तकको लागि दुईवटा उद्देश्यहरू सूचीबद्ध गर्नुहोस् ।

- यहूदालाई आउँदै गरेको न्यायको चेतावनी दिन
- मुक्तिको प्रतिज्ञाको साथ यहूदालाई सान्त्वना दिन

७. यशैयामा बाँकी रहेकाहरू को को हुन् ?

सम्पूर्ण राष्ट्रको विश्वासबाट पतन भएतापनि परमेश्वरप्रति विश्वासयोग्य रहेकाहरू

८. परमेश्वरको पवित्रता र परमेश्वरको सार्वभौमिकता देखाउनको लागि यशैयामा परमेश्वरको कुन नाम प्रयोग गरिएको छ ?

इस्राएलको एक पवित्र जन

९. सम्पूर्ण यशैयाको पुस्तकको लेखक यशैया हुन् भनि स्वीकार गर्ने तीनवटा कारणहरू सूचीबद्ध गर्नुहोस् ।

- यशैया १:१ ले यशैयालाई लेखकको रूपमा नाउँ दिएको छ ।
- यशैयाका सबै हिब्रू प्रतिलिपिहरूले पुस्तकलाई एउटै पुस्तकको रूपमा देखाउँछन् ।
- नयाँ करारका लेखकहरूले यशैयालाई सम्पूर्ण पुस्तकको लेखक मान्छन् ।

१०. नयाँ करारमा प्रयोग गरिएका यशैयाका दुईवटा चित्रहरू सूचीबद्ध गर्नुहोस् ।

कुनै दुई:

- उजाडस्थानमा कराउने आवाजको रूपमा बप्तिस्मा दिने यूहन्ना
- कन्येबाट येशुको जन्म
- येशुको दृष्टान्तहरूको प्रयोग
- अन्यजातिहरूमा येशुको सेवकाई
- राष्ट्रहरूको धर्मान्तरण

११. आफूले कण्ठ गरेकोबाट यशैया ९:६-७ लाई लेख्नुहोस् ।

(बाइबलका कण्ठित पदहरूको जाँच गर्नुहोस् ।)

# पाठ १०

## यर्मिया र विलाप

१. यर्मियालाई किन "रुन्चे अगमवक्ता" भनिन्छ ?

परमेश्वरका मानिसहरूको पाप र परमेश्वरको सहरको विनाशमा उहाँको दुःख

२. यर्मियाको पारिवारिक पृष्ठभूमि कस्तो थियो ?

उनका बुबा अनाथोतका पुजारी थिए ।

३. निर्वासनमा लगेका बन्दीहरूको तीन समूहको मितिहरू सूचीबद्ध गर्नुहोस् । पहिलो दुई समूहहरूको लागि, निर्वासनमा लगिएको एक अगमवक्ताको नाम भन्नुहोस् ।

- ६०५ ई.पू. दानिएल
- ५९७ ई.पू. इजकिएल
- ५८६ ई.पू.

४. यर्मिया र विलापका मुख्य उद्देश्यहरू के हुन् ?

- यहूदालाई आउँदै गरेको न्यायको चेतावनी दिन
- यरूशलेमको विनाशको अभिलेख गर्न

५. भविष्यसूचक मुद्दा भनेको के हो ?

इस्राएलले परमेश्वरसँगको आफ्नो करार तोडेको आरोप अगमवक्ताहरूले लगाए

६. यर्मियाको स्वीकारोक्ति के हो ?

प्रार्थनाहरू जसमा यर्मियाले आफ्ना श्रोताहरूको हठको बारेमा परमेश्वरलाई गुनासो गर्छन्

७. यर्मियामा "सान्त्वनाको पुस्तक" के हो ?

परमेश्वरले यहूदालाई आफ्नो भूमिमा पुनर्स्थापना गर्नुहुनेछ भनी प्रतिज्ञा गर्ने अध्यायहरू

८. विलापका पाँच मध्ये चार अध्यायमा कुन काव्यात्मक रूप प्रयोग गरिएको छ ?

विलोम काव्य

९. आफूले कण्ठ गरेकोबाट विलाप ३:२१-२४ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ ११

## इजकिएल र दानिएल

१. "इजकिएल" नामको अर्थ के हो ?

"परमेश्वरले बलियो बनाउनुभएको छ।"

२. इजकिएलको पुस्तकको उद्देश्य के हो ?

आशाको सन्देश ल्याउनको लागि - परमेश्वरले आफ्ना मानिसहरूलाई छोड्नुभएको छैन।

३. यर्मियाको मन्दिरको उपदेशसँग इजकिएलसँगको समानान्तरता के छ ?

मन्दिरबाट परमेश्वरको महिमा हटेको (इजकिएल १०-११)

४. नयाँ मन्दिरको बारेमा इजकिएलको दर्शनको व्याख्या गर्न पाँचवटा विकल्पहरू सूचीबद्ध गर्नुहोस्।

- इस्राएल यरूशलेम फर्के पछि मन्दिरको भौतिक पुनर्निर्माणको प्रतिज्ञा
- पार्थिव सहस्राब्दीको एक तस्वीर
- मण्डलीमा परमेश्वरको कामको चित्र
- नयाँ स्वर्ग र नयाँ पृथ्वीमा उहाँका जनहरूका बीचमा परमेश्वरको उपस्थितिको लागि एउटा रूपक
- शाब्दिक र प्रतीकात्मक तत्वहरू भएको दर्शन

५. इजकिएललाई ५९७ ईसापूर्वमा बेबिलोन लगियो। दानियललाई ६०५ इ.पू. मा बेबिलोन लगिएको थियो।

६. दानिएलको पुस्तकमा कुन तीनवटा विषयहरू केन्द्रबिन्दुमा छन् ?

- मानव इतिहासमा परमेश्वरको सार्वभौमिकता
- मानव जातिको घमण्ड
- परमेश्वरका मानिसहरूको अन्तिम विजय

७. दानिएलको पुस्तकमा कुन दुई भाषाहरू प्रयोग गरिएको छ ?

हिब्रू र अरामी

८. परम्परागत व्याख्यामा, यी प्रत्येक चित्रहरूद्वारा कुन साम्राज्यको प्रतिनिधित्व हुन्छ ?

- चीलको पखेटा भएको सिंह: **बेबिलोन**
- भालु: **मादी-फारसी**
- एउटा ठूलो सीङ भएको बोका: **ग्रीस**
- फलामको खुट्टा, फलाम र माटोको खुट्टा: **रोम**
- एउटा ढुङ्गा जुन ठूलो पहाड बन्छ: **परमेश्वरको राज्य**

९. कुन बाइबलीय पुस्तकहरू मुख्य रूपमा वा आंशिक रूपमा भविष्योद्घोषी लेखबाट बनेका छन् ?

- दानिएल र प्रकाश भविष्योद्घोषी पुस्तकहरू हुन्
- इजकिएल र जकरियाका अंशहरू भविष्योद्घोषी छन्

१०. कुन नयाँ करारको पुस्तकले इजकिएल र दानिएललाई धेरै पटक उद्धृत गरेको छ ?

प्रकाश

११. आफूले कण्ठ गरेकोबाट इजकिएल ३६:२५-२७ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ १२

## होशे, योएल र आमोस

१. हिब्रू बाइबलमा साना अगमवक्ताहरूलाई के भनिन्छ ?

बाह्र जनाको पुस्तक

२. प्रमुख अगमवक्ताहरू र साना अगमवक्ताहरू बीच के भिन्नता छ ?

साना अगमवक्ताहरू धेरै साना पुस्तकहरू हुन्

३. ८ औं शताब्दी इ.पू. मा उत्तरी राज्यको आर्थिक र आत्मिक अवस्थाको वर्णन गर्नुहोस् ।

आर्थिक समृद्धि र आत्मिक धर्मत्याग

४. होशेको मुख्य उद्देश्य के हो ?

आफ्नो आत्मिक व्यभिचारसँग इस्राएलको सामना गर्नको लागि

५. होशेका प्रत्येक सन्तानको नामले इस्राएललाई के भविष्यवाणी गर्छ ?

- यिजरेल – बेँसी जहाँ अश्शूरले इस्राएललाई पराजित गर्नेछ
- लो-रूहामा – दया छैन
- लो-अम्मी – तिमीहरू मेरा प्रजा होइनौ

६. पुरानो करारमा, *जान्नु* शब्दको अर्थ के हो ?

*जान्नु* पुरानो करारमा एउटा सम्बन्धको शब्द हो । जान्नु भनेको अनुभव गर्नु हो ।

७. योएलको मुख्य विषयवस्तु के हो ?

परमप्रभुको दिन

८. योएलमा, कस्तो प्राकृतिक प्रकोप आउँदै गरेको न्यायको भविष्यवाणी हो ?

सलहको विपत्ति

९. नयाँ करार अनुसार, आउँदै गरेको आत्मिक जागरणको योएलको भविष्यवाणी कहिले पूरा हुन्छ ?

पेन्तिकोसको दिनमा

**१०.**आमोसको पुस्तकको उद्देश्य के हो ?

इस्राएलमा उसको अधर्मी व्यवहारको कारणले गर्दा परमेश्वरको न्यायको भविष्यवाणी गर्न – दुवै परमेश्वर र उसको सँगी मानिस तर्फ

**११.**आमोसमा न्यायका पाँच दर्शनहरू सूचीबद्ध गर्नुहोस् र तिनीहरूको अर्थ दिनुहोस् ।

- सलहको प्रकोप भनेको इस्राएलको विनाश थियो ।
- आगोको अर्थ इस्राएलको लागि विनाश थियो ।
- एउटा साहुलको रेखाले देखाएको छ कि इस्राएल बाङ्गो थियो ।
- पाकेको फलको टोकरीले इस्राएलले तुरुन्तै न्यायको लागि पाकेको देखाएको थियो ।
- परमेश्वर वेदीको छेउमा उभिनुको मतलब न्याय निश्चित थियो ।

**१२.**होशे १०:१२, योएल २:१३, र आमोस ५:२४ लाई आफूले कण्ठ गरेकोबाट लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ १३

## ओबदिया-सपन्याह

१. ओबदियाको पुस्तकको उद्देश्य के हो ?

यरूशलेमको बेबिलोनी घेराबन्दीको समयमा यहूदामाथिको क्रूरताका कारण एदोमको विनाशको भविष्यवाणी गर्न

२. योनाको पुस्तकको विषयवस्तु के हो ?

सबै मानिसहरूलाई परमेश्वरको कृपा

३. योनाको पुस्तकले परमेश्वरको सार्वभौमिकता देखाउने दुइवटा तरिकाहरूलाई सूचीबद्ध गर्नुहोस् ।

कुनै दुई:

- परमेश्वरले ठूलो बतास पठाउनुभयो जसले जहाजलाई खतरामा पार्यो ।
- योनालाई निल्न परमेश्वरले एउटा ठूलो माछालाई तयार गर्नुभयो ।
- योनालाई आश्रय दिन परमेश्वरले एउटा लौकाको बोटलाई तयार गर्नुभयो ।
- परमेश्वरले लौकाको बोटलाई नाश गर्न एउटा कीरालाई तयार पार्नुभयो ।

४. योनामा सिकाइएका दुईवटा पाठहरू के के हुन् ?

आज्ञाकारिताको पाठ र करुणाको पाठ

५. मीकाको अनुसार, कुन तीनवटा विशेषताहरूले व्यवस्थाको मागलाई जोड दिन्छ ?

- न्याय
- कृपा
- परमेश्वरसँगको एउटा नम्र हिँडाई

६. मीकामा येशुको जन्मको कस्तो भविष्यवाणी गरिएको छ ?

उहाँको जन्म बेथलेहेममा हुनेछ ।

७. नहूमको पुस्तकका श्रोताहरू को थिए ?

निनवे

८. हबकूकका दुईवटा प्रश्न र परमेश्वरका जवाफहरूको सूची बनाउनुहोस् ।

प्रश्न: दुष्ट यहूदाको उन्नति किन हुन्छ ?
उत्तर: बेबिलोनले यहूदाको न्याय गर्नेछ ।

प्रश्न: यहूदाको न्याय गर्न परमेश्वरले बेबिलोनलाई कसरी प्रयोग गर्न सक्नुहुन्छ ?
प्रश्न: यो मैले भनेजस्तै हुनेछ । तर धर्मीहरू आफ्नो विश्वासद्वारा बाँच्नेछन् ।

९. सपन्याहको मुख्य विषयवस्तु के हो ?

परमप्रभुको दिन

१०. पुरानो करारको भविष्यवाणीको व्याख्या गर्नका लागि सुझाव गरिएका पाँचवटा चरणहरू के के हुन् ?

- तिनीहरूको शहर: मूल सन्देश के थियो ?
- नदी: तिनीहरूको संसार र हाम्रो संसारमा के भिन्नता छ?
- पुल: मौलिक सन्देशको पछाडि के सिद्धान्त छ ?
- नक्सा: धर्मशास्त्रको बाँकी भागमा सिद्धान्तलाई कसरी हेरिएको छ ?
- हाम्रो शहर: आजको संसारमा सिद्धान्त कसरी लागू हुन्छ ?

११. मीका ६:८, नहूम १:७-८, र हबकूक ३:२ आफूले कण्ठ गरेकोबाट लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)

# पाठ १४

## हाग्गै-मलाकी

१. निर्वासनपछिका अगमवक्ताहरूले कुन तीनवटा आत्मिक समस्याहरूलाई सम्बोधन गरे ?

- मन्दिर पुनर्निर्माण भएको थिएन ।
- अविश्वासी अन्यजातिहरूसँगको विवाहले धार्मिक सम्मिश्रणलाई निम्त्यायो ।
- धेरै यहूदीहरूले शबाथ पालन गर्न सकेनन् ।

२. हाग्गै र जकरियाको मिति के हो ?

५२० ई.पू.

३. हाग्गैले चारवटा सन्देश ल्याए । प्रत्येक सन्देशको लागि विषय सूचीबद्ध गर्नुहोस् ।

- प्राथमिकताहरू
- निरुत्साह
- अनाज्ञाकारिता
- डर

४. जकरियाको विषयवस्तु के हो ?

परमेश्वरको राज्यको पुनर्स्थापना

५. जकरियामा पाइने दुइवटा मसीही भविष्यवाणीहरूलाई सूचीबद्ध गर्नुहोस् ।

कुनै दुई:

- धर्मी हाँगा
- राजा नम्र भएर गधामा सवार
- गोठालोलाई इन्कार गरियो र तीस शेकेल चाँदीमा बेच्यो
- जो छेडिनुभयो
- आउँदै गर्नुभएको न्यायकर्ता

६. मलाकीले ४७५ र ४२५ इ.पू. को बीचमा प्रचार गरे भनेर हामी किन विश्वास गर्छौं ?

उनले एज्रा र नहेम्याहले सम्बोधन गरे जस्तै उही पापहरूलाई सम्बोधन गर्दछ ।

७. मलाकीमा परमेश्वरले गर्नुभएको प्रत्येक विवादको तीन भागहरूलाई सूचीबद्ध गर्नुहोस् ।

- परमेश्वरले यहूदाको व्यवहारको बारेमा बयान गर्नुहुन्छ ।
- मानिसहरूले प्रश्नको सम्बोधन गर्छन् ।
- परमेश्वरले प्रश्नको जवाफ दिनुहुन्छ ।

८. आफूले कण्ठ गरेकोबाट हाग्गै २:७-९ र मलाकी ३:१ लाई लेख्नुहोस् ।

(कण्ठ गरिएका पदहरूलाई बाइबलसँग जाँच गर्नुहोस् ।)